आज मिति २०८१ साल असार २१ गते सुक्रबारका दिन बिहान ११:०० बजे दमक नगरपालिकाकाका प्रमुख श्री राम कुमार थापा ज्यूको अध्यतामामा १५औं नगरसभाको दोस्रो बैठकमा निम्न नगरसभा सदस्यहरुको उपस्थिती रहयो ।

## उपस्थिती विवरण

| क्र.सं. | पद | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | राम कुमार थापा | दमक ६ | |
| २ | उप प्रमुख | रेगिना भट्टराई (प्रसाई) | दमक १ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | गणेशराज कार्की | दमक नगरपालिका | |
| ४ | वडाध्यक्ष १ | हरि प्रसाद न्यौपाने | दमक १ | |
| ५ | वडाध्यक्ष २ | प्रजापति सापकोटा | दमक २ | |
| ६ | वडाध्यक्ष ३ | नविन वराल | दमक ३ | |
| ७ | वडाध्यक्ष ४ | पुन्य प्रसाद दाहाल | दमक ४ | |
| ८ | वडाध्यक्ष ५ | इन्द्र वहादुर गुरुङ्ग | दमक ५ | |
| ९ | वडाध्यक्ष ६ | टेक वहादुर थापा | दमक ६ | |
| १० | वडाध्यक्ष ७ | भीम प्रसाद पौडेल | दमक ७ | |
| ११ | वडाध्यक्ष ८ | धर्म प्रसाद दाहाल | दमक ८ | |
| १२ | वडाध्यक्ष ९ | कुवेर प्रसाद भट्टराई | दमक ९ | |
| १३ | वडाध्यक्ष १० | राजेन्द्र प्रसाद भण्डारी | दमक १० | |
| १४ | का.पा.सदस्य | लोक बहादुर धिमाल | दमक ९ | |
| १५ | का.पा.सदस्य | शेर बहादुर विश्वकर्मा | दमक ७ | |
| १६ | का.पा.सदस्य | गौतम गुप्ता | दमक ७ | |
| १७ | का.पा.सदस्य | कमला बस्नेत | दमक ६ | |
| १८ | का.पा.सदस्य | ख्याम कुमारी परियार | दमक ५ | |
| १९ | का.पा.सदस्य | देवका देवी भुजेल | दमक ३ | |
| २० | का.पा.सदस्य | विणा कुमारी शाह | दमक ७ | |
| २१ | का.पा.सदस्य | शारदा भट्टराई | दमक ४ | |

उपस्थिती विवरण

| क्र.सं. | पद | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२ | महिला सदस्य | तारा खप्तरी | दमक-१ | |
| २३ | द महिला सदस्य | नविना मोहोरा | दमक-१ | |
| २४ | सदस्य | रघुविर बुढाथोकी | दमक-१ | |
| २५ | सदस्य | राजकर्ण राई | दमक-१ | |
| २६ | महिला सदस्य | कृष्णमाया थापा | दमक-२ | |
| २७ | द महिला सदस्य | चन्द्रकला विश्वकर्मा | दमक-२ | |
| २८ | सदस्य | ललित ब विश्वकर्मा | दमक-२ | |
| २९ | सदस्य | छविलाल दुलाल | दमक-२ | |
| ३० | द महिला सदस्य | टिका ठटाल | दमक-३ | |
| ३१ | सदस्य | गजेन्द्र धिमाल | दमक-३ | |
| ३२ | द महिला सदस्य | गिता विश्वकर्मा | दमक-४ | |
| ३३ | सदस्य | हुकुमचन्द्र वस्नेत | दमक-४ | |
| ३४ | सदस्य | गोविन्द श्रेष्ठ | दमक-४ | |
| ३५ | महिला सदस्य | शोभा खतिवडा | दमक-५ | |
| ३६ | सदस्य | खड्ग वहादुर राई | दमक-५ | |
| ३७ | सदस्य | गोपाल कृष्ण संग्रौला | दमक-५ | |
| ३८ | सदस्य | डेन्जोङ्ग शेर्पा | दमक-६ | |
| ३९ | सदस्य | कमल कुमार श्रेष्ठ | दमक-६ | |
| ४० | महिला सदस्य | इन्दु खड्का | दमक-७ | |
| ४१ | द महिला सदस्य | तारा रणपहेली | दमक-७ | |
| ४२ | सदस्य | अतित वान्तवा राई | दमक-७ | |
| ४३ | सदस्य | मान बहादुर खवास | दमक-७ | |
| ४४ | महिला सदस्य | हरि माया चुडाल | दमक-८ | |

CamScanner

## उपस्थिती बिवरण

| क्र.सं. | पद | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| ४५ | द महिला सदस्य | ममता रसाईली | दमक-८ | |
| ४६ | सदस्य | पदम प्रसाद गिरी | दमक-८ | |
| ४७ | सदस्य | खेम बहादुर श्रेष्ठ | दमक-८ | |
| ४८ | महिला सदस्य | लक्ष्मीदेवी बराल | दमक-९ | |
| ४९ | द महिला सदस्य | रिना विश्वकर्मा | दमक-९ | |
| ५० | सदस्य | नरेश कुमार सुनुवार | दमक-९ | |
| ५१ | सदस्य | नरेश बन्जरा | दमक-९ | |
| ५२ | महिला सदस्य | भुमिका आचार्य | दमक-१० | |
| ५३ | द महिला सदस्य | रेनुका देवी दर्जी | दमक-१० | |
| ५४ | सदस्य | जंग बहादुर राई | दमक-१० | |
| ५५ | सदस्य | रविन्द्र लिम्बु | दमक-१० | |
| जम्मा उपस्थित संख्या | | | | |

CamScanner

१५ औ नगरसभा
मिति २०८१ असार २१ गते

| प्रस्ताब नं | प्रस्ताब | निर्णय |
|---|---|---|
| १ | १५ औ नगरसभाको दोस्रो बैठकको कार्यसूची | १५ औ नगरसभाको दोस्रो बैठकको कार्यसूची देहाय बमोजिम रहेको छ।<br>क. बैठक प्रारम्भ<br>ख. विशेष प्रस्ताब र समितिका प्रतिवेदन पेश<br>ग. खुल्ला शत्र<br>घ. दमक नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम स्वीकृतार्थ पेस<br>ङ. आर्थिक विधेयक, २०८१ स्वीकृतार्थ पेस<br>च. विनियोजन विधेयक, २०८१ स्वीकृतार्थ पेस<br>छ. नगर प्रहरी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधयेक स्वीकृतार्थ पेस<br>ज. कार्य सम्पादनमा आधारीत प्रोत्साहन सुविधा ऐन, २०८१ स्वीकृतार्थ पेस<br>झ. विशेष प्रस्ताब, समितिका प्रतिवेदन पारित<br>ञ. सभा समापन |
| २. | समितिका प्रतिवेदन सम्बन्धमा। | दमक नगरपालिकाको मिति २०८० असार २१ गते प्रस्तुत भएका देहायका समितिहरुले वार्षिक कार्य प्रगतिका बारेमा समितिको संयोजकले प्रतिवेदन प्रस्तुत गर्नु भयो र उल्लेखित वार्षिक प्रतिवेदनहरुमा प्रदान भएका राय सुझाब र सल्लाहलाई यथासम्भव कार्यान्वयन गर्ने गरी स्वीकृत गरियो ।( विस्तृत विवरण अनुसूची १ मा छ)<br>क. लेखा समिति<br>ख. राजश्व परामर्श समिति<br>ग. न्यायिक समिति<br>घ. अनुगमन समिति<br>ङ. सामाजिक विकास समिति<br>च. आर्थिक विकास समिति<br>छ. सुशासन तथा स्थानीय सेवा समिति<br>ज. वातावरण समिति<br>झ. पूर्वाधार विकास समिति<br>ञ. विधायन समिति<br>ट. यातायता व्यवस्थापन समिति |
| ३. | विशेष प्रस्ताबहरु | आज मिति २०८१ असार २१ गते बसेको कार्यपालिका बैठकबाट विशेष प्रस्ताबको रुपमा पेश गर्ने गरी भुमी आयोगमा कार्यरत कर्मचारीहरुको करार |

CamScanner

| | | |
|---|---|---|
| | क. भुमि आयोगका कर्मचारी व्यवस्थापन सम्बन्धमा। | दरबन्दी सृजना सम्बन्धी विशेष प्रस्तावमा छलफल हुदा भुमी सम्बन्धी कार्य गर्नका लागि वढीमा १ आर्थिक वर्षका लागि देहाय बमोजिम करार दरबन्दी स्वीकृत गर्ने।<br>देहाय<br>क. अमिन ३ जना<br>ख. कार्यालय सहयोगी ६ जना |
| | ख. करारका कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा। | दमक नगरपालिका र मातहतका ईकाइहरुमा हाल सम्म कार्यरत सवै प्रकारका करार कर्मचारीहरुको करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मापन सम्बन्धी कार्यविधि बमोजिमको मुल्यांकन फारम रितपूर्वक भरी न्यूनतम अंक प्राप्त गर्ने करारका कर्मचारीहरुको करार सम्झौता गर्ने। |
| | ग. आधारभूत स्वास्थ्य केन्द्रमा ल्याब संचालन सम्बन्धमा। | दमक नगरपालिका वडा नं ३,४, ९ र १० लगायतका आधारभूत स्वास्थ्य केन्द्रमा ल्याव संचालन गरी स्वास्थ्य सेवालाई थप प्रभाकारी र नागरिकको पहुचमा पुर्याउन कार्यपालिकाको निर्णयानुसार वडाहरु छनौट तथा रित पूर्वक सामग्रीहरु खरीदको कार्य सम्पन्न भैसकेको तर सो कार्य सुचारु गर्न जनशक्ती (ल्याव असिष्टेण्ड) को दरबन्दी नभएको हुदा अर्को व्यवस्था नभएसम्मका लागि प्रत्येक ल्याव सेवा विस्तार हुने स्वास्थ्य केन्द्रहरुमा १/१ जना जनशक्ती करार सेवामा लिने। |
| | घ. दमक बहुमुखी क्याम्पस, हि मा वि र ढुकुरपानी माविको पूर्वाधार निर्माण सम्बन्धी श्रोत व्यवस्थापन र म्याद थप सम्बन्धमा। | दमक नगरपालिका स्थित ढुकुरपानी मा.वि., हि.मा.वी. र दमक क्याम्पसका लागि पूर्वाधार निर्माण गर्ने प्रयोजनार्थ आर्थिक वर्ष २०७७/०७८ मा आर्थिक वर्षको मध्य तर्फ संघीय सरकारबाट रकम प्राप्त भएको। नगरपालिकाबाट E-BID मार्फत वोलपत्र प्रकाशन गरी रितपूर्व खरीद सम्झौता २०७८ जेष्ठमा भएको। उक्त आर्थिक वर्षमा मोविलाईजेशन र सम्पन्न भएको कामको भुक्तानी भएको। आर्थिक वर्ष २०७८/०७९ र ०७९/०८० मा संघीय सरकारबाट रकम प्राप्त हुन नसक्दा काम सम्पन्न हुन नसकेको। आर्थिक वर्ष २०८०/०८१ मा ३ वटै कामका लागि प्रति ईकाइ रु १ करोडका दरले रकम प्राप्त भएको। दमक क्याम्पसको कार्य तुलनात्मक रुपमा प्रगती उन्मुख रहेको। ढुकुपानी मा.वि र हि.मावि को कार्य हाल सम्म अधुरो रहेको छ। चालु वर्षमा भई रहेको कामको समेत भुक्तानी हुन सकेको अवस्था छैन। चालु वर्षको विनियोजित रकमले मात्र कार्य सम्पन्न हुन सक्ने सम्भावना छैन। यसका लागि थप समय र श्रोतको आवश्यकता रहेको देखिन्छ। निर्माण व्यवसायीले म्याद थप गर्नका लागि अनुरोध गरेको अवस्था छ। म्याद थप गर्दा श्रोतको सुनिश्चितताको प्रश्न उठ्छ भने म्याद थप नगर्दा हाल सम्मको लगानी औचित्य हिन हुन जान्छ। यस्तो अवस्थाको सम्बन्धमा मिति २०८१ असार २१ गते बसेको कार्यपालिका छलफल हुदा म्याद थप गरी कार्य अघी वढ्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र श्रोतको व्यवस्थापनका लागि संघीय सरकारसँग अनुरोध गर्ने प्रस्ताव आजको सभामा पेश हुदा सर्वसम्मत रुपमा स्वीकृत/पारित गर्ने। |

CamScanner

स्वीकृत प्रस्तावको संक्षिप्त विवरण

| सि.न. | आयोजनाको नाम | सम्झौता मिति | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दमक क्याम्पस | २०७८।२।१७ | ८९४५०८६७।१४ | श्रोत अभावका कारण समयमा काम हुन नसकेको कारण १ वर्ष म्याद थप गर्ने। |
| २ | ढुकुरपानी मा.वि. | २०७८।२।१९ | ५,६६,३४१०९।३७ | |
| ३ | हि.मा.वि | २०७८।२।१७ | ४,३६,१५,४६१।४९ | |

ङ. कार्यपालिका बैठक लगायतको निर्णय अनुमोदन सम्बन्धमा।

चालु आर्थिक वर्षमा भएका कार्यपालिकाका देहाय अनुसारको बैठक र सो बैठकले गरेका निर्णयहरु; गठित कार्यदल, समितिले गरेका निर्णय एवम् प्रतिवेदनहरु साथै १३ र १४ औं नगरसभाको निर्णय कार्यान्वयन गर्ने प्रयोजनका लागि नगर प्रमुख, कार्यवाहक नगर प्रमुख, उप प्रमुख,प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, कार्यवाहक वडाध्यक्ष र प्रत्यायोजित अधिकार प्रयोग गरी कार्य गर्ने अधिकारीहरु एवम् वडा सदस्यहरुले गरेको कार्यलाई देहायनुसार स्वीकृत / अनुमोदन गर्ने।

देहाय

| सि न | निर्णय गर्ने तह / अधिकारी | निर्णय मिति | निर्णय संख्या | निर्णयका विषय र सन्दर्भ |
|---|---|---|---|---|
| १ | मिति २०८०।४।१ देखि फागुन १४ गते सम्म | विभिन्न मितिमा | १० वटा का.पा बैठकका निर्णहरु | कार्यक्षेत्रभित्रका सबै विषयहरु |
| २ | नगर प्रमुख, कार्यवाहक नगर प्रमुख, उप प्रमुख,प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, कार्यवाहक वडाध्यक्ष र प्रत्यायोजित अधिकार प्रयोग गरी कार्य गर्ने अधिकारीहरु एवम् वडा सदस्यहरु | आर्थिक वर्ष २०८०/०८१ का विभिन्न मितिमा | कार्यक्षेत्रभित्र गरेका सबै निर्णयहरु | कार्यक्षेत्रभित्रका सबै विषयहरु |
| ३ | दमक अस्पताल व्यवस्थापन समितिको बैठक | चालु आर्थिक वर्ष २०८०।०८१ को मिति २०८०।४।३०, २०८०।५।५, २०८०।१०।३ २०८०।११।२३ २०८१।१।२६ २०८१।३।५ २०८१।३।२८ | सबै निर्णयहरु | कार्यक्षेत्रभित्रका सबै विषयहरु |
| ४ | कार्यपालिका बैठक | २०८० चैत्र २४ | १२ वटा निर्णय र विविध | कार्यक्षेत्रभित्रका सबै विषयहरु |
| ५ | कार्यपालिका बैठक | २०८१।१।१० | १५ वटा निर्णय | कार्यक्षेत्रभित्रका सबै विषयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६ | कार्यपालिका बैठक | २०८१।२।०७ | ६ वटा निर्णय | कार्यक्षेत्रभित्रका सवै विषयहरु |
| | | ७ | कार्यपालिका बैठक | २०८१।२।१७ | ३ वटा निर्णय | कार्यक्षेत्रभित्रका सवै विषयहरु |
| | | ८ | कार्यपालिका बैठक | २०८१।२।२२ | ४ वटा निर्णय | कार्यक्षेत्रभित्रका सवै विषयहरु |
| | | ९ | कार्यपालिका बैठक | २०८१।३।८ | १ वटा निर्णय | कार्यक्षेत्रभित्रका सवै विषयहरु |
| | | १० | कार्यपालिका बैठक | २०८१।३।२१ | १६ वटा निर्णय | कार्यक्षेत्रभित्रका सवै विषयहरु |
| | च. पूर्ण खोप निरन्तरता | दमक नगरपालिका विगत २०७४ साल देखि पूर्ण खोप घोषणा भएको । यस आर्थिक वर्ष २०८०/०८१ समेत पूर्ण खोप घोषणाको दिगोपनका लागि पत्र समेत प्राप्त भएको हुदा पूर्ण खोप घोषणा र सोलाई दिगोपन दिलाउने विषेश प्रस्ताब सर्वसम्मत स्वीकृत / पारित गरियो । | | | | |
| | छ. साझेदारीमा कार्यक्रम संचालन | दमक नगरपालिकामा देहायका कार्यक्रमहरुलाई साझेदारीमा संचालन गर्ने गरी विशेष प्रस्ताब पेश भएकोमा सोलाई सर्वसम्मत स्वीकृत/ अनुमोदन गर्ने। <br> देहाय <br> क. स्थानीय सरकार सवलिकरण कार्यक्रम <br> ख. लघु उद्यम विकास कार्यक्रम (मेडपा) <br> ग. अपांगता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम <br> घ. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम <br> ङ. दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना <br> च. राष्ट्रिय परिचय पत्र तथा पंजिकरण कार्यक्रम <br> छ. दमक शिक्षा सुधार परियोजना <br> ज. निःशुल्क घर नक्सा निर्माण कार्यक्रम | | | | |
| | ज. व्याक्तिगत घटना दर्ता विवरण सच्याउने सम्बन्धमा | व्याक्तिगत घटना दर्ता गर्ने विषय नागरिकको आधारभूत अधिकारको विषय हो। पंजिकरण सम्बन्धी विवरण अन्य आधिकारीक विवरणसँग फरक परेमा सोलाई सच्याउने विषयका सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएको हुदा ठुला मात्रामा नागरिकहरुलाई सास्ती भएको अवस्था छ । उल्लेखित अवस्थामा पंजिकरण सम्बन्धी विवरण सच्चाउने सम्बन्धमा यथाशिघ्र कानून तर्जुमा गरिदिन संघीय सरकारलाई विषेश प्रस्ताब मार्फत अनुरोध गर्ने र जन्म दर्ता सम्बन्धी साना र सानातिना वास्तविक विवरण भएका सच्याउनु परेमा नेपाल प्रहरी, वडा कार्यालय र माथवरका व्यक्तिहरुको सर्जमिन / सिफारिसका आधारमा सच्याउने सम्बन्धी प्रस्ताब पेश हुदा सर्वसम्मत रुपमा यो विषेश प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। | | | | |
| | झ. आयोजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धमा | दमक नगरपालिकाको १३ औ र १४ औ नगरसभाले स्वीकृत गरेको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने सम्बन्धमा अपेक्षित राजश्व संकलन हुन नसक्नु लगायतका कारण सम्झौता एवम् निर्णय भएका कतिपय आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा भुक्तानी हुन नसकेको अवस्था छ । यस | | | | |

CamScanner

| | | |
|---|---|---|
| | | प्रकृतीका आयोजना / कार्यक्रमहरुको कार्यान्वयन तथा भुक्तानी सम्बन्धी दायित्व आगामी आर्थिक वर्षमा सार्ने कार्य गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने। विस्तृत विवरण अनुसूचीमा उपलब्ध छ। |
| | ञ. दमक सपिङ कम्प्लेक्स निर्माण सम्बन्धमा। | दमक नगरपालिका र नगर विकास कोषको सयुक्त साझेदारीमा दमक नगरपालिका वडा न ७ मा निर्माण हुन गईरहेको दमक सपिङ कम्प्लेक्सको मोविलाईजेशन रकम प्रदान भएपछि उच्च अदालत विराटनगर, ईलाम ईजलासले अन्तरिम आदेश जारी गरी निर्माण कार्य रोक्का गरेको अवस्था छ। मिति २०८१।३।३० गते अग्राधिकार प्राप्त उक्त मुद्दा / रिटको पेशी रहेको छ। सपिङ कम्प्लेक्सको अग्रभागमा वहुतले घर रहेको छ। दमक सपिङ कम्प्लेक्स निर्माण गर्दा उक्त घरलाई जोगाउनका लागि सरचना निर्माण गर्नका लागि ठुलो रकम खर्च गर्नुपर्ने गरी सम्झौता समेत भएको अवस्था छ। उल्लेखित भवन सहितको जग्गा नगरपालिकाले खरिद गर्दा उक्त सरचना जोगाउनका लागि खर्च गर्नु पर्ने रकम बच्ने साथै सौन्दर्य, पहुच र सुरक्षाको हिसावले समेत भवन सहितको जग्गा खरिद गर्दा सार्वजनिक हित हुने भएकोले उल्लेखित कार्य गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने। |
| ४. | नीति तथा कार्यक्रम स्वीकृत | दमक नगरपालिकाको १५ औ नगरसभाको पहिलो बैठक मिति २०८१ असार ९ गते प्रारम्भ भई सोमा पेस भएको नीति तथा कार्यक्रममा नगर सभासदस्यहरुले पेस गर्नु भएको सुझाबहरुलाई समेटी तयार गरीएको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक श्री रेगीना भट्टराई प्रसाईले स्वीकृतार्थ पेस गर्नु भएकोमा सोमा दफाबार छलफल गरी मिति २०८१।३।२१ गते को कार्यपालिका बैठकले स्वीकृत गरी पेश गरेको सशोधन प्रस्तावहरु समेतको निति तथा कार्यक्रम सर्वसम्मतिले स्वीकृत / पारित गरियो। |
| ५. | आर्थिक विधयेक, २०८१ स्वीकृत | दमक नगरपालिकाको १५ औ नगरसभाको पहिलो बैठक मिति २०८१ असार ९ गते प्रारम्भ भई सोमा पेस भएको आर्थिक विधयेक, २०८१ मा नगर सभा सदस्यहरुले पेस गर्नु भएको सुझाबहरुलाई समेटी तयार गरीएको आर्थिक वर्ष २०८१।०८२ को आर्थिक विधयेक बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक श्री रेगीना भट्टराई प्रसाईले स्वीकृतार्थ पेस गर्नु भएकोमा सोमा दफाबार छलफल गरी सर्वसम्मतिले स्वीकृत / पारित गरियो। |
| ६ | विनियोजन विधयेक, २०८१ स्वीकृत | दमक नगरपालिकाको १५ औ नगरसभाको पहिलो बैठक मिति २०८१ असार ९ गते प्रारम्भ भई सोमा पेस भएको रु १ अर्व ६२ करोड ७७ लाख ५८ हजार बराबरको विनियोजन विधयेक, २०८१ मा नगर सभा सदस्यहरुले पेस गर्नु भएको सुझाबहरुलाई समेटी तयार गरीएको आर्थिक वर्ष २०८१।०८२ को विनियोजन विधयेक बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक श्री रेगीना भट्टराई प्रसाईले स्वीकृतार्थ पेस गर्नु भएकोमा सोमा दफाबार छलफल गरी सर्वसम्मतिले स्वीकृत / पारित गरियो। |

CamScanner

| | | |
|---|---|---|
| ७ | विधयेक सम्बन्धमा। | दमक नगरपालिकाको १५ औं नगरसभाको पहिलो बैठक मिति २०८१ असार ९ गते प्रारम्भ भई सोमा पेस भएको दमक नगर प्रहरी ऐन,२०७६ लाई संशोधन गर्न बनेको दमक नगर प्रहरी विधयेक, २०८१ र कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी विधयेक, २०८१ विधायन समिति संयोजक श्री लोक बहादुर धिमालले स्वीकृतार्थ पेस गर्नु भएकोमा सोमा दफाबार छलफल गरी सर्वसम्मतिले स्वीकृत / पारित गरियो। |
| ८ | सम परिक्षण सम्बन्धमा। | महालेखा परिक्षणकको कार्यालयबाट आर्थिक वर्ष २०७९/०८० सम्म लेखा परिक्षण गर्दा औंल्याईएका नियमित गर्नु पर्ने / सैद्धान्तिक प्रकृतिका वेरुजुहरु सम परिक्षण गरी फछ्र्यौटका लागि लेखा समितिबाट बुँदागत रुपमा छलफल सहित पेश भएको। उल्लेखित विषयलाई मिति २०८१।३।२१ गतेको कार्यपालिका बैठकले समेत आत्मसाथ गरी समपरिक्षणका लागि अनुरोध गर्न नगरसभा समक्ष प्रस्ताब लैजाने निर्णय गरे अनुसार माथि उठान भए बमोजिमको बेरुजुहरु समपरिक्षण गरी फछ्र्यौट गरी दिन महालेखा परिक्षणको कार्यालय / महालेखा परिक्षकको कार्यालय डोरमुकामलाई अनुरोध गर्ने। विस्तृत विवरण अनुसूचीमा संलग्न गरिएको छ। |
| ९ | तलवी प्रतिवेदन सम्बन्धमा। | यस नगरपालिकाका कार्यरत देहायका कर्मचारीहरुको तलवी प्रतिवेदन देहायबमोजिम स्वीकृत गर्ने ।<br>देहाय<br>क. संघीय सरकार तर्फका कर्मचारी - कोष तथा लेखा नियन्त्रण कार्यालयबाट<br>ख. समायोजन भई आएका स्थायी कर्मचारी - प्रदेश लेखा ईकाई कार्यालय<br>ग. स्थानीय तर्फका स्थायी कर्मचारी- अनुसूचीमा भएबमोजिम स्वीकृत।<br>घ. करार तर्फका - करार सम्झौता उल्लेख भए बमोजिम । |
| १० | आयोजना बैक सम्बन्धमा। | आगामी आर्थिक वर्ष कार्यान्वयन गर्ने गरी वस्ती, टोल र वडा स्तरबाट आएका आयोजना / कार्यक्रमहरु सबै नगरपालिकाको स्रोतले मात्र कार्यान्वयन गर्न सम्भव देखिदैन। संघीय र प्रदेश सरकारसँग वा विकास साझेदारसँग आयोजना / कार्यक्रम माग वा साझेदारीमा संचालन गर्न वा नगरमा श्रोत प्राप्त भएपश्चात गर्ने गरी आयोजना बैकमा आयोजना / कार्यक्रमहरुलाई राखी क्रमश कार्यान्वयन गर्दै लैजाने। विस्तृत विवरण अनुसूचीमा टाँस गरीएको छ। |
| ११ | बैठक समापन | १५ औं नगरसभाका दोस्रो बैठक मिति २०८१ असार ९ गते र २१ गते गरी २ दिन संचालन भई समापन भयो। |

उपरोक्त निर्णय गरी १५ औ नगरसभा समापन गरियो।